## ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ६ प्रमाणिकरण : २०७५।०२।२०
प्रकाशन मिति : २०७५।०२।२१

## भाग-२

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५

**पृष्ठभूमि**

यस ठाकुरबाबा नगरपालिका प्रकृतिक श्रोत र साधनले (जल, जमिन जंगल) सम्पन्न नगरपालिका भएपनि व्यवसायिक रुपमा पशु पंक्षि पालन कार्यक्रम सञ्चालन हुन नसक्दा नगरपालिकाको कुल ग्राहस्थ उत्पादनमा यस क्षेत्रले दिनुपर्ने योगदान दिन नसकेको र प्रशस्त मात्रामा रोजगारी सृजना गर्न सक्ने आधार हुदाहुदै पनि बेरोजगारीका कारणले ठुलो श्रम शक्ति रोजगारीका शिलसिलामा देश तथा विदेशमा गई न्यून ज्यालामा काम गर्नुपर्ने अवस्थाको अन्त्य गरी व्यवसायीक रुपमा पशु पंक्षि पालनका माध्यम बाट स्वरोजगार तथा आय आर्जन कार्यक्रम सञ्चालन गर्न ठाकुरबाबा नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्न बनेको ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि **ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७५** तयार गरी लागु गरिएकोछ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५"** रहेको छ ।

(ख) यो कार्यविधि ठाकुरबाबा नगरपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२ **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

**क) पशु विकास कार्यक्रम सञ्चालन** भन्नाले कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन, व्यवसायिक बंगुर, बाखा र पशुपंक्षी) बजार प्रबर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्छ ।

**ख) "कार्यविधि" भन्नाले** ठाकुरबाबा नगरपालिका अन्तर्गत सञ्चालित पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५ लाई सम्झनु पदर्नछ ।

**ग) "समिति"** भन्नाले नगरकार्यपालिका भित्र गठित पशु विकास कार्यक्रम हेर्ने समितिलाई बुझ्नुपर्छ ।

**घ) "स्कीम/परियोजना"** भन्नाले पशु पंक्षि पालन व्यवसाय सञ्चालन तथा बजार प्रवर्द्धन र कार्यक्रम सञ्चालनका लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्दछ ।

३. **उद्देश्यः** यस कार्यविधिका उद्देश्यहरु देहाय वमोजिम रहेका छन्:

(क) गाईपालन, भैंसीपालन, बाखापालन, बंगुरपालन तथा पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धी व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु श्रृजना गरी रोजगारीको लागि विदेशिने क्रम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने ।

(ग) पशु उत्पादन तथा उत्पादकत्व आय आर्जनमा टेवा पुऱ्याइ कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

## परिच्छेद- २

४. **पशु पालन, (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम सञ्चालन प्रकृया** कृषक तालिम विशेष पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।

**क) स्कीम अवधि :** यो कार्यक्रम नेपाल सरकार/ठाकुरबाबा नगरपालिकाले निर्णय गरे बमोजिमको अवधिसम्म सञ्चालन हुनेछ ।

**ख) स्कीमका लागि क्षेत्र छनौटका आधारहरु :** व्यवसायिक गाई भैंसी पालनका लागी संभाव्य भएका क्षेत्रहरुको छनौट गरि कार्यक्रम सञ्चालन गरिनेछ । निवेदन दिने फार्महरु ठाकुरबाबा नगरपालिकामा दर्ता भएको हुनु पर्नेछ ।

*(जिल्ला पशु सेवा कार्यालयमा दर्ता भएका फार्महरु समेत यस स्कीममा सहभागी हुन सक्नेछन)*

**ग) व्यावसायिक गाई भैंसी फार्मका बर्गिकरण**

फार्मलाई ३ वर्गमा विभाजन गरिने छ ।

**१) साना व्यावसायिक गाई भैंसी फार्म :** यस कार्यक्रमको लागी ५-१० वटा उन्नत गाई वा भैंसीपालन गरी दूध उत्पादन व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

**२) मझौलास्तरका व्यावसायिक गाई भैंसी फार्म :** ११ देखि ३० वटासम्म उन्नत दुधालु गाई वा भैंसीपालन गरी दुध उत्पादन व्यवसाय शुरु गरिरहेका फार्मलाई मानिने छ ।

**३) ठुला व्यावसायिक फार्म :** उन्नत दुधालु गाई वा भैंसी ३० भन्दा माथि पालन गरि दुग्ध उत्पादन/प्रशोधन व्यवसाय शुरु गरेका फार्महरुलाई मानिने छ ।

**घ) कार्यक्रमका लागि उपलब्ध गराईने सहयोग**

(१) **साना व्यावसायिक फार्म :** उन्नत गाई वा भैसी खरीद गरी विमा गरिएका फार्मको लागि बढीमा रु. १,००,०००/- (एक लाख) सम्म नगद अनुदान उपलब्ध गराइने छ ।

(२) **मझौला स्तरका व्यावसायिक गाई भैंसी फार्मको सुदृढीकरणका लागीः** तपशिलमा उल्लेखित कियाकलापहरु कार्यान्वयन गर्न प्रति फार्म वढीमा रु. २,००,०००/- (दुई लाख) सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

**कृयाकलापहरु**

फर्म सुदृढीकरणसंग सम्बन्धित कार्यहरुः

- गोठ निर्माण सुधार तथा फार्म सुरक्षा (वार बन्देज), जैविक सुरक्षा, आदी ।
- पशु प्रजनन्, आहारा तथा अन्य व्यवस्थापकीय कार्य (कृत्रिम गर्भाधान उपकरण, ग्राइन्डर, च्याफकटर, काउम्याट, मिल्क क्यान, व्हील ब्यारो र मिल्क एनालाईजर) आदी ।

**अनुदान दिइने आधारहरुः**

- ५-१० दुधालु गाई वा दुधालु भैंसीमा अधिकतम रु.१,००,०००/-
- ११ –२० दुधालु गाई वा दुधालु भैंसीमा अधिकतम रु.२,००,०००/-

(३) उन्नत दुधालु गाई २० भन्दा माथी र भैंसी दुधालु १२ भन्दा माथी पालन गरि व्यवसाय गरेका **ठूला व्यावसायिक गाई भैंसी पालन फामहरुलाई यान्त्रीकरणको** लागि तपशिलमा उल्लेखित

मेशिनरी औजार खरिद गर्न प्रति फार्म वढीमा रु. ४,००,०००/ (चारलाख) अनुदान उपलब्ध गराईने छ ।

- २०–३० दुधालु गाई वा दुधालु भैंसीमा अधिकतम रु.३,२५,०००/-
- ३१ –५० दुधालु गाई वा दुधालु भैंसीमा अधिकतम रु.३,५०,०००/-
- ५१–६० दुधालु गाई वा दुधालु भैंसीमा अधिकतम रु.३,७५,०००/-
- ६१ भन्दा बढी दुधालु गाई वा भैंसीमा अधिकतम रु.४,००,०००/-

**फार्म यान्त्रिकरणसँग सम्बन्धित कृयाकलापका लागि आवस्यक मेसिनरी औजारहरु :** मिल्किङ्ग मेशिन/मिल्किङ्ग पार्लर/फोडर/फोरेज ब्लक मेशिन/यू.एम.एम.बि मेशिन/विद्युतीय फिडर/ वाटरर/मिल्क क्यान/साईलो पिट/डिप वेल, डिप बोरिङ्ग/पाश्चुराईजर/मिल्क एनालाईजर/ फ्रिजर/चिलिङ्ग भ्याट आदी ।

ङ) **प्रस्ताव आव्हान :** व्यक्तिगत रुपमा कृषकले वा साझेदारीमा उन्नत गाई भैंसी फार्महरु साना वा मझौलास्तर फार्म सुदृढीकरण वा ठुला व्यवसायिक फार्ममा यान्त्रिकरणका लागि स्थानीय सञ्चारमाध्यम, पत्रपत्रिकामा सूचना प्रकाशित गरी पशु सेवा शाखा मार्फत नगरपालिकामा पेश गर्ने गरी प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची-१ बमोजिम स्थानीय स्तरको दैनिक पत्रिकामा/स्थानीय पत्रिकामा वा कार्यालयहरुले प्रकाशन गर्नेछन् । आवेदन एवं उपलब्ध गराउनु पर्ने कागजातहरु अनुसूची २ बमोजिम र कार्ययोजना अनुसूची ३ (क) बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

च) **प्रस्तावहरुको स्वीकृतीः**

१) प्रस्तावको मूल्याङ्कन र स्वीकृत गर्नका लागि मूल्याङ्कन तथा छनौट समितिले गर्नेछ ।

२) पशु विकास कार्यक्रम अन्तर्गत स्वीकृत प्रस्तावहरुलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(क) बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धीत पशु विकास शाखाको हुनेछ ।

## परिच्छेद- ३
## पशु विकास व्यवसायिक बाखा प्रवर्द्धन कार्यक्रम

### ५. बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया

क) **कार्यक्रम संचालन हुने स्थान**ः ठाकुरबाबा नगरपालिकाबाट स्वीकृत भएपछि पशुसेवा शाखाले सञ्चालन गर्नेछ ।

ख) **कार्यक्रम संचालन अवधि**ः यो कार्यक्रम ठाकुरबाबा नगरपालिकाबाट निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

ग) **व्यावसायिक बाखा फार्मको वर्गीकरणः** यस कार्यक्रम अन्तर्गत व्यावसायिक बाखा फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिने छः

(१) **निजी व्यावसायिक बाखापालन फार्म** : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम् ३० वटा प्रजनन् योग्य माउ बाखापालन गरिरहेका वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई निजी व्यावसायिक बाखा फार्म मानिने छ ।

(२) **समुह वा समितिमा संचालन हुने व्यावसायिक बाखापालन फार्महरुः** कृषक समुह/समितिमा कम्तिमा ५ जना सदस्य भएको र प्रत्येक कृषक सदस्यसँग औसतमा १० वटा प्रजनन् योग्य माउ बाखा भएको वा सो संख्यामा बाखापालन गरी व्यवसाय शुरु गर्ने समूह/समिति अन्तर्गतका फार्महरुलाई व्यावसायिक मानिने छ ।

(३) **सहकारीमा संचालन हुने व्यावसायिक बाखा पालन फार्महरु :** कम्तिमा २५ जना सदस्यहरुले बाखापालन गरिरहेको वा सो संख्याका कृषकहरुले बाखापालन व्यवसाय शुरु गर्ने र प्रति सदस्य कम्तिमा औषत १० माउ बाखा (सहकारीमा कम्तिमा २५० माउ बाखा) भएको फार्महरुलाई व्यावसायिक मानिने छ ।

**घ) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम**

(१) निजी व्यावसायिक फार्म स्थापना वा सुदृढिकरणका लागि बढीमा रु. ५०,००० (पचास हजार)

(२) समुह/समितिमा व्यावसायिक बाखापालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि बढीमा रु १,००,००० (एक लाख)

(३) सहकारीमा व्यावसायिक बाखापालन फार्महरु स्थापना वा सृदृढिकरणका लागिबढीमा रु. २,००,००० (दुई लाख)

*नोट : प्रस्तावकले कम्तिमा अनुदान रकम बराबरको लगानी गर्नु पर्ने छ ।*

**ङ) अनुदान रकमको उपयोग** यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाखाको खोर निर्माण/सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ ट्याकं, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् बोका खरिद/कृतिम गर्भधारण व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्नेछन् । यो रकमबाट बाखाको दाना, औषधि, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न भने पाइने छैन ।

**च) कार्यक्रम संचालन प्रकृया**

**१) प्रस्ताव आव्हान :** निजी फार्म/समुह/समिति/सहकारीमा आवद्ध कृषकहरुवाट सहकार्यमा व्यावसायिक बाखा फार्म स्थापना वा सुदृढिकरणका लागि पशु सेवा शाखा, नगरपालिका वा स्थानीय सञ्चार माध्यामबाट आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव कमशः अनुसूची २ र ३ (ख) बमोजिम हुनेछ ।

**छ) प्रस्तावहरुको स्वीकृतीः**

१) प्रस्तावको मूल्याङ्कन र स्वीकृत गर्नका लागि मूल्याङ्कन तथा छनौट समितिले गर्नेछ ।

२) पशु विकास कार्यक्रम अन्तर्गत स्वीकृत प्रस्तावहरुलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(क) बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धीत पशु विकास शाखाको हुनेछ ।

**ज) मूल्यांकनका आधारहरुः मुल्याङ्कनका आधारहरु अनुसुचि ५ (ख) मा उल्लेख भए अनुसार हुनेछन ।**

## परिच्छेद-४
## पशु विकास कार्यक्रम : व्यावसायिक बंगुर प्रवर्द्धन कार्यक्रम

**६. बंगुर पालन कार्यक्रम सञ्चालन प्रकृया :**

**क) स्कीम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ ।**

**१. कार्यक्रम संचालन हुने स्थानः** प्राथमिकताको आधारमा छनौट गरिने ।

**२. कार्यक्रम संचालन अवधि :** यो कार्यक्रम ठाकुरबाबा नगरपालिकाबाट निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

**३. लक्षित वर्ग :** स्थानीय कृषक, महिला, अपाङ्ग, विपन्न तथा पछाडि परेको वर्ग र वैदेशिक रोजगारबाट फर्किएका विशेषतः सम्बन्धीत काममा दक्षता हासिल गरेका युवाहरुलाई साथै सवै सामाजिक समुहका कृषकहरुलाई प्राथमिकता अनुसार समाबेश गराईने छ ।

**ख) व्यावसायिक बंगुरपालन फार्ममा आवश्यक बंगुर संख्या :–** यस कार्यक्रमको प्रयोजनको लागि खोर निर्माण कार्य पूरा गरी बंगुरपालन शुरु गर्न तयारी अबस्थामा रहेको वा पाठापाठी उत्पादन ( Breeding) का लागि भए कम्तीमा ५ वटा माउ र मासु उत्पादन (Fattening) को लागि भए कम्तीमा १५ वटा बंगुर पालन गरेको हुनुपर्नेछ।
*(माउ भन्नाले प्रजनन् योग्य वंगुरलाई बुझ्नु पर्दछ)*

**ग) कार्यक्रमबाट उपलब्ध गराइने रकम** बंगुरपालन फार्म सुदृढिकरणको लागि बढिमा

| | |
|---|---|
| ५-१० वटा माउ | - १०,०००। |
| ११-२० वटा माउ | - २०,०००। |
| २१-५० वटा माउ | - ४०,०००। |
| ५१ देखि माथि लाई | - ७५,०००। |

**घ) रकमको उपयोग**

१) यस कार्यक्रमबाट उपलब्ध गराईने रकमले बंगुरपालन फार्मले बंगुरको प्रजनन योग्य उमेरका निर्देशित बंगुरहरु खरिद गर्न सक्नेछन् । यो रकमबाट बंगुरको भाले खरिद, खोर निर्माण सुधार, ग्रेण्डर मिक्सचर, बायो ग्यास स्थापना तथा खर्च भएर नजाने उपकरण सामाग्री आदिमा खर्च गर्न पाइने छ ।

**ङ) प्रस्ताव आह्वान् :**

प्रत्येक वर्ष निजी वा साझेदारी व्यावसायिक बंगुर फार्महरुबाट अनुसूची-१ अनुसार प्रस्ताव आह्वान गरिने छ । उक्त प्रस्तावको आह्वान पशु विकास शाखा ठाकुरबाबा नगरपालिकाबाट हुनेछ । ईच्छुक कृषकहरुले निवेदनको साथमा अनुसूचि- ३(ग) बमोजिमको कार्ययोजना सहित प्रस्तावमा संलग्न हुनु पर्ने कागजात अनुसूची-२ अनुसार पेश गर्नुपर्नेछ ।

**च) प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि सार्वजनिक खरिद ऐन, ऐ.ऐ.नियमावली र प्रचलित आर्थिक नियमावली अनुसारका पदाधिकारीहरुको रोहवरमा मुचुल्का बनाई सम्बन्धित पशु विकास शाखले सिफारिस सहित सो को विवरण मूल्याङ्कन तथा छनौट समितिमा पठाउनेछ ।

**छ) मूल्यांकनका आधारहरुः**

(१) मूल्यांकनका आधारहरु अनुसूचि-५(ग) मा उल्लेख भए अनुसार हुनेछन् ।

(२) अनुदान प्रदान गर्न सकिने फार्महरुको तोकिएको एकमुष्ठ संख्याबाट व्यावसायिक बंगुरपालन कार्यक्रम सञ्चालनमा बर्गीकरण गरिएका फार्मको प्रकार अनुसार साना, मझौला र ठूला फार्महरु प्रत्येकको लागि अनुदान प्रदान गर्न सकिने संख्या आवश्यकता अनुसार मुल्याङ्कन तथा छनौट समितिले तोक्न सक्नेछ ।

**ज) प्रस्तावहरुको स्वीकृतीः**

१) प्रस्तावको मूल्याङ्कन र स्वीकृत गर्नका लागि मूल्याङ्कन तथा छनौट समितिले गर्नेछ ।

२) पशु विकास कार्यक्रम अन्तर्गत स्वीकृत प्रस्तावहरुलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(क) बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धीत पशु विकास शाखाको हुनेछ ।

## परिच्छेद-५

## पन्छी विकास कार्यक्रम संञ्चालन प्रकृया :

**_क) स्कीम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ**

**१. कार्यक्रम संचालन हुने स्थानः** प्राथमिकताको आधारमा छनौट गरिने ।

**२. कार्यक्रम संचालन अवधि :** यो कार्यक्रम ठाकुरबाबा नगरपालिकाबाट निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

**३. लक्षित वर्ग :** ग्रामिण कृषक, रोड कोरिडोर लक्षित र वैदेशिक रोजगारबाट फर्किएका विशेषत सम्बन्धीत काममा दक्षता हासिल गरेका युवाहरुलाई र विपन्न, मुक्तकमैया, सुकुम्बासी, दलित, आदिवासी जनजाति, पिछडावर्ग परिवारलाई व्यवसायीहरु । साथै सबै सामाजिक समुहका कृषकहरुलाई प्राथमिकता अनुसार समाबेश गराईने छ ।

**४. अनुदानको प्रकृया :** क) स्थानीय जातका (लोकल) स्तरका व्यवसायिक रुपमा हाँस कुखुरा

- ○ २०० सम्म माउ/भाले - रु. २०,०००।
- ○ २००-४०० माउ/भाले - रु. ५०,०००।
- ○ ४०० देखि माथिका माउ/भाले - रु. ७५,०००।

ख) अण्डा उत्पादनको लागि उन्नत जातको लागि अनुदान

- ○ २०० सम्मको अण्डा दिने माउ - रु. २०,०००।
- ○ २००-५०० सम्म अण्डा दिने माउ - रु. ५०,०००।
- ○ ५०० देखि माथिका अण्डा दिने माउ - रु. ७५,०००।

## परिच्छेद-६

**७. पशु विकास कार्यक्रम अन्तर्गत पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रकृया :**

क) पशुपंक्षी बजार प्रबर्द्धनको नगरपालिका पशु विकास शाखा/कृषि विकास समितिले स्विकृत बार्षिक कार्यक्रम अनुसार स्थानीय स्तरको पत्रिका तथा आफ्नो वेव साईटमा पशुजन्य उत्पादनहरुको बजार प्रबर्द्धन गर्न प्रथम चौमासिक अवधि भित्र ३५ दिनको सूचना प्रकाशन गरी तपसिल बमोजिमको क्रियाकलाप सञ्चालनको लागि प्रस्ताव माग गर्नेछ तर पहिलो वर्षलाई ७ दिनको सूचना प्रकाशित गरी गरिनेछ ।

१. चिलिंग भ्याट स्थापना तथा सञ्चालन

२. डेरी पसल निर्माण/सुधार

३. मासु पसल निर्माण/सुधार

४. छाला संकलन

५. स्थानिय स्तरमा जुत्ता तथा छालाका सामाग्रीहरु उत्पादन

६. स्थानिय स्तरमा भेंडाको ऊन प्रशोधन तथा सामाग्री उत्पादन

७. विविध पशुजनय उत्पादनहरुको बजारीकरण सम्बन्धि कार्यक्रमहरु

ख) सूचना प्रकाशन भए पश्चात ईच्छुक बेरोजगार यूवाहरुले अनुसुची २ अनुसारको निवेदन अनुसुचि ३(घ) बमोजिम व्यावसायिक प्रस्ताव पशुपंक्षी बजार प्रबर्द्धन ठाकुरबाबा नगरपालिका पशु विकास शाखामा पेश गर्नु पर्नेछ ।

ग) प्रस्ताव पेश गर्दा अनुसुचि २ अनुसारका कागजातहरु अनिवार्य रुपमा समावेश हुनु पर्नेछ ।

घ) स्विकृत बार्षिक कार्यकम बजेटमा उल्लेखित लक्षको आधारमा सार्वजनिक निजी साझेदारीमा अनुदान बितरण गरिनेछ ।

ङ) प्राप्तहुन आएका प्रस्तावहरु अनुसुचि ५ (घ) को आधारमा छनौट र स्विकृत गरिनेछ ।

च) प्रस्ताव स्विकृत भए पश्चात प्रस्तावक संग अनुसुचि ४(क) अनुसार द्धिपक्षिय सम्झौता गरिनेछ ।

छ) कार्य प्रगति र सम्बन्धित कार्यालयको प्राविधिक प्रतिवेदन सन्तोषजनक ठहरेमा अनुदान रकम २ किस्तामा उपलब्ध गराईनेछ । पहिलो ५० प्रतिशत रकम सुरुको ५० प्रतिशत कार्य समाप्त भए पछी र बाँकीको ५० प्रतिशत रकम कार्य सम्पन्न भए पछी उपलब्ध गराईनेछ वा सम्झौता मुताविकका सम्पूर्ण काम सम्पन्न भैसके पश्चात आवश्यक कागजात र बिल भर्पाईको आधारमा एकमुष्ट भुक्तानी दिईनेछ ।

ज) छनोट समितिले नियमानुसारको रित पुऱ्याई प्रस्तावहरु मध्येबाट अनुसुचि ५(घ) को आधारमा अनुदानका लागी उपयुक्त प्रस्तावहरुको छनौट गर्नेछ । प्रस्ताव छनौटको क्रममा प्रस्तावक हरुको समान अंक हुन आएमा पहिले दर्ता भएको प्रस्तावकलाई छनौट गरिनेछ ।

झ) छनौट समितिमा पेश भई स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(ख) बमोजिम संझौता गर्ने दायित्व ठाकुरबाबा नगरपालिका पशु विकास शाखाको हुनेछ ।

**८) मूल्याङ्कन तथा छनौट समिति सम्बन्धि व्यवस्था**

व्यवसायिक पशु विकास कार्यक्रमलाई लक्षित गरि संचालित फर्मको प्रवर्द्धन तथा बजारिकरणमा सहयोग पुऱ्याउने गरि ठाकुरबाबा नगरपालिका द्धारा सञ्चालन गरिने पशु पक्षि विकास कार्यक्रम अनुदानका लागी देहाय बमोजिमिको मुल्याङ्कन तथा छनौट समिति रहनेछ ।

क) नगर प्रमुख वा निजले तोकेको व्यक्ति १ जना - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि १ जना - सदस्य

ग) सम्बन्धीत समितिको संयोजक १ जना - सदस्य

घ) कृषक समुहको प्रतिनिधि १ जना - सदस्य

ङ) पशु विकास शाखा प्रमुख १ जना - सदस्य सचिव

**९. अनुगमन सम्बन्धी व्यवस्थाः**

क) नगरपालिकाबाट सञ्चालित अनुदानका कार्यक्रमहरुलाई नियमित रुपमा अनुगमन गरिनेछ ।

ख) अनुगमन गर्दा अपनाउनु पर्ने कार्यविधि अनुगमन समितिबाट तयार गरिनेछ ।

ग) देहायका व्यक्तिहरु रहेको एक अनुगमन समिति रहनेछ ।

१) नगर उपप्रमुख वा निजले तोकेको व्यक्ति १ जना - संयोजक

ठाकुरबाबा नगरपालिकाको प्रमाणिकरण कार्यालय (विज्ञान गर्ने पछि २०७५)

२) नगर प्रमुखले तोकेको व्यक्ति १ जना - सदस्य

३) प्रमुख प्रशासकीय अधिकृत वा योजना शाखा प्रमुख १ जना - सदस्य

४) सम्बन्धित समितिको प्रतिनिधि १ जना - सदस्य

५) पशु विकास शाखा प्रमुख १ जना - सदस्य

**विविध**

**१०. कार्वाहीको व्यवस्था :** प्रस्ताव स्वीकृत भएका कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा ठाकुरबाबा नगरपालिकाको प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

**११. प्रचलित कानुन लागु हुने :** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

**१२. कार्यविधि संशोधन तथा परिमार्जन :** ठाकुरबाबा नगरपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवँ संशोधन गर्न सक्नेछ ।

**१३. विमा :** हरेक स्किम अन्तर्गत पशुहरुको अनिवार्य रुपमा पशु बिमा गराउनु पर्नेछ ।

**१४. फार्म दर्ता तथा नविकरण प्रकियाः** यस नगरपालिकामा पशुपंक्षि फार्म दर्ता एव्म नविकरण तोकिएको प्रक्रिया बमोजिम हुनेछ ।

ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) २०७५

**अनुसूची - १**

**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

**ठाकुरबाबा नगरपालिका पशु विकास शाखा**

**पशुपन्छी विकास कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : ............**

यस कार्यालयको आ.व. २०...../...../...... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई **पशु उत्पादन (गाई भैंसी पालन) /बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन)** सम्बन्धि कार्यक्रमको माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक १८ देखि ५० वर्ष उमेरमा अर्धवेरोजगार/बेरोजगार युवाहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ। पुनश्च : आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सुचित गरिन्छ ।

**तपसिल**

१. अनुसूची २ अनुसारको आवेदन फाराम

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु

ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५

## अनुसूची - २

पशु उत्पादन (गाई भैंसी पालन) /बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि **कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र**

श्रीमान् कार्यालय प्रमुखज्यू,
ठाकुरबाबा नरपालिका नगरकार्यपालिकाको कार्यालय
......................

**विषय : पशुपन्छी विकास अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .................................... कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु । पुनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

**तपसिल**

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

३. फर्म/समुह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी वा व्यक्तिगत कृषक

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु

५. वदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोटको प्रतिलिपि

६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव

७. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण

८. समुह/समिति/सहकारीका सदस्यहरुको परियोजना पेश गर्न र परियोजना छ नौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

**निवेदकको**

नामः

दस्तखत : संस्था/व्यक्तिःठेगानाः

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सञ्चालन कार्यविधि, २०७५

**अनुसूची - ३(क)**

**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना**

**विशेष पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम**

यूवा/साझेदारी व्यावसायिक फार्मको नाम : सम्पर्क नम्बरः

ठेगानाः गाउं/टोल वडा नं. न.पा.

जिल्ला :

गाईभैंसी पालन गरिने स्थान :

**<u>यूवा/साझेदारी व्यावसायिक गाई भैंसी पालन संचालन गरिने कार्य विवरणः</u>**

| क.सं. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | नीजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

यूवा/साझेदारी व्यावसायिक विशेष पशु उत्पादन व्यावसायिक कार्य गर्ने व्यावसायीले न्यूनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ।

गाई भैंसी पालन गरेको भए, विगत कति वर्षदेखि गाई भँसीपालन निरन्तर गरिरहेकौ ? वर्ष..........महिना.........

गाई/भैँसीको जातः

गाई/भैँसीको संख्याः राँगा साँढेको संख्याः

गाईभैँसी पालन पद्धतिः

घ ाँस खेती गरेको/गरिने क्षेत्रफलः

घ ाँसको किसिमः

ड ाले घाँसको किसिम र संख्याः

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारीकः महिला संख्याः पुरुष संख्याः ख) बाहिरबाट : महिला संख्याः पुरुष संख्याः ग) जम्मा : महिला संख्याः पुरुष संख्याः

उत्पादित वस्तुको बजार : अपेक्षित वार्षिक प्रतिफल :

**यूवा/साझेदारी व्यावसायी फार्म को सञ्चालकको तर्फबाट सहि गर्नेको :**

नाम : संस्थाको छापः पद :

दस्तखत : मिति :

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५

**अनुसूची - ३(ख)**
**पशु उत्पादन (गाई भैंसी पालन) /बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना**

**व्यावसायिक बाखा फार्म प्रवर्द्धन कार्यक्रम**

१. व्यावसायको परिचय

२. उद्देश्यहरु

३. बाखापालन व्यवसायमा अनुभव

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण

५. व्यावसाय संचालनका लागि रहेका पूर्वाधारहरु

६.सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण

| क.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा | | | | |

नोट : सहकार्यमा बाखापालन गर्ने फर्म /समुह /समिति /सहकारीले न्यूनतम अनुदान रकम वरावरको रकम

७. उत्पादित वस्तुको बजार योजना

८. अपेक्षित वार्षिक प्रतिफल

प्रस्ताव पेश गर्ने

फर्म/समुह/समिति/सहकारीको नाम : सम्पर्क नम्वरः

ठेगानाः गाउं/टोलवडा नं. गा.वि.स.जिल्ला बाखा पालन गरिने स्थान : फर्म/समुह/समिति/सहकारीको तर्फ बाट सहि गर्नेको

नाम : संस्थाको छापः पद :

दस्तखत : मिति :

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५

**अनुसूची - ३ (ग)**
**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंछी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना**

**व्यावसायिक बंगुरपालन कार्यक्रम**

फार्म/साझेदारी फार्म नाम : सम्पर्क नम्वरः
ठेगानाः गाउं/टोल वडा नं. न.पा. जिल्ला
बंगुरपालन गरिने स्थान :
सहकार्यमा संचालन गरिने कार्य विवरणः

| क.सं. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | निजि लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सहकार्यमा बंगुरपालन गर्ने व्यावसायि/साझेदारी फार्म न्यूनतम अनुदान रकम वरावरको रकम प्रस्तावित योजनामा समावेस गर्नु पर्ने छ ।

बंगुरपालन गरेको भए विगत कति वर्ष देखि बंगुरपालन निरन्तर गरि रहेको हो ? वर्ष.........महिना....... बंगुरका जातहरुः

बंगुरको संख्याः माउको संख्याः पाठापाठीको संख्याः प्रजनन भालेको संख्याः अन्य बंगुरको संख्याः बंगुरपालन सुरु गर्ने भए पालन गरिने जातः

बंगुरको संख्याः प्रजनन भालेको संख्याः मासुको लागि पालन गर्ने भएमा संख्याः
खोरको अबस्था क) परम्परागत ख) सुधारिएको ग) आधुनिक

व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक ख) वाहिरवाट ग) दुवै

उत्पादित वस्तुको बजार : अपेक्षित वार्षिक प्रतिफल : निजी

फार्म/साझेदारी फार्मको तर्फवाट सहि गर्नेको

नाम : पद : दस्तखतः
मिति :

संस्थाको छापः

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम संचालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५

### अनुसूची - ३ (घ )
### पशु उत्पादन (गाई भैंसी पालन) /बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम

| | | | | |
|---|---|---|---|---|
| १ | प्रस्तावकको नाम र ठेगाना, टेलिफोन नं. | | | |
| २ | प्रस्तावकको फर्म भए दर्ता नम्बर | | | |
| ३ | दर्ता भएको कार्यालय र मिति | | | |
| ४ | भ्याट / पान दर्ता नम्बर | | | |
| ५ | शैक्षिक योग्यता | | | |
| ५.१ | तालिमको किसिम र अवधि | | | |
| ६ | बिदशमा काम गरेर फर्केको भए काम गरेको देश | | | |
| ७ | बिदेश बसेको अवधि | | | |
| ८ | पासपोर्ट नम्बर | | | |
| ९ | हाल पेश गरेको प्रस्तावको नाम | | | |
| ११ | प्रस्ताव कार्यन्वयन हुने स्थलको ठेगाना | | | |
| १२ | उद्देष्यहरु | | | |
| | | | | |
| | | | | |
| १३ | प्रस्तावित कार्यक्रमबाट हासिल हुने प्रमुख ५ उपलब्धिहरु | | | |
| | | | | |
| | | | | |
| १४ | प्रस्तावित योजना कार्यन्वयन गर्ने स्थान मा बिद्य मान भौतिक पूर्वाधारहरु | | | |
| | सडक छ/छैन | | नजिकको बजारको नाम | |
| | कच्चि/पक्कि | | दुरी | |
| | बिजुली छ/छैन | | सदरमुकाम देखिको दुरी | |
| | पानीको ब्यवस्था | | | |
| | प्रत्यक्ष लाभान्वित संख्या | | | |
| १५ | लक्षित समुदाय तथा परिवार संख्या | | | |
| १६ | सम्पन्न गर्ने कार्यक्रमहरुको बुंदागत बिव रणहरु | | | |
| | | | | |
| | | | | |
| | | | | |
| १७ | कुल अनुमानित कार्यक्रम बजेट | | | |
| १८ | प्रस्तावकले थप गर्ने बजेट | | | |
| १९ | योजना स माप्ति पश्चात हासिल हुने ५ उपलब्धिहरु बुंदागत रुपमा सम्भव भए परिमाण खुलाउने | | | |
| | क.सं | उपलब्धिहरु | | |
| | १ | | | |
| | २ | | | |

माथि उल्लेखित सम्पूर्ण बिवरणहरु सही रुपमा पे श गरेको छु , कहिं कतै झुठो ठहरिएमा कानुन बमोजिम सजाय भोग्न तयार समेत रहेको ब्यहोरा अवगत गरांउछु /छौं ।

| | |
|---|---|
| प्रस्तावक को नाम र हस्ताक्षर | ठेगाना |
| संस्था/पद: | मिति: |

**अनुसूची - ४ (क)**

**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम संचाालनको लागि गरिने सम्झौता-पत्र**

ठाकुरबाबा नगरपालिका पशु विकास शाखा/पशुपंक्षी बजार प्रवर्द्धनद्धारा पशु विकास शाखा, ...................... मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत लक्षित ................... कार्यक्रम संचालन गर्न पशु विकास कार्यालय, (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती ................................................ (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको .............................. व्यवसाय सञ्चालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नरेको अनुगमन गर्नेछन् ।

४. गाई भैंसी/बंगुर/बाखापालन गर्ने व्यवसायी कृषकहरुले पशु विमा अनिवार्य गर्नुपर्ने छ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| **पहिलो पक्ष** | **दोश्रो पक्ष** |
|---|---|
| ठाकुरबाबा न.पा. पशु विकास शाखा को तर्फबाट सहि गर्नेको | युवा उद्यमी वा संस्थाको तर्फवाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क फोन नं.: | सम्पर्क फोन नं.: |
| कार्यालयको छाप : | संस्थाको छाप<br>औठाको छाप :<br>दायाँ बायाँ |

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७५

## अनुसूची - ४ (ख)

ठाकुरबाबा नगरपालिका पशु विकाश शाखाको आ.व. ................ को स्वीकृत युवा लक्षित कार्यक्रम सञ्चालन गर्नको लागि मिति .................. को स्थानीय स्तरको पत्रिका ............................मा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये मिति .........................मा बसेको छनौट समितीको बैठकबाट श्री ................................ को प्रस्ताव छनौट भएको हुंदा ठाकुरबाबा नगरपालिका पशु विकास शाखा, .......................... (यस पछि प्रथम पक्ष भनिने) र श्री ...................................... (यस पछी दोश्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरु पालना गरी ..................................... कार्यक्रम संचालनका लागी द्विपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं । तपशिल

१. प्रस्तावित ...................... कार्यक्रम जिल्ला .................... गा.वि.स. ................... वडा नं. .......... टोलको ................ भन्ने ठाऊँमा मिति .................. सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रथम पक्षले सुरुमा कार्यक्रम सन्चालानार्थ स्विकृत कार्यक्रम अनुसार स्वलगानीमा ५० प्रतिसत कार्य सम्पन्न गरे पश्चात पहिलो किस्ता बापतको ५० प्रतिसत रकम भुक्तानीको लागि बिल भरपाई पेश गर्नु पर्नेछ र सो अनुसार मनासिब ठहरेमा प्रथम पक्षले दोश्रो पक्षलाई पहिलो किस्ता बापतको रकम भुक्तानी दिने छ र दोश्रो किस्ता बापतको बांकी ५० प्रतिसत रकम कार्य सम्पन्न पश्चात भुक्तानी दिईने छ वा कार्य सम्पन्न भए पश्चात आवस्यक कागजातहरु पेश गरी एकमूष्ठ भुक्तानी दिन सकिनेछ ।

३. कार्यक्रम सम्पन्न भए पश्चात नेपाल सरकारको नियमानुसार ब्यवसाय दर्ता गरी प्रमाणपत्र लिने, मूल्य अभिवृद्धी कर (VAT) दर्ता प्रमाणपत्र वा स्थायि लेखा नम्बर (PAN) प्रमाणपत्र लिने जस्ता कार्यहरु समयमै सम्पन्न गर्नु पर्ने छ ।

४. प्रस्तावित योजना सम्पन्न भए पश्चात मर्मत सम्भार लगाएतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी एवं दायित्व दोश्रो पक्षको हुनेछ ।

५. प्रस्तावित कार्यक्रम स्थल ५ बर्ष अगावै सम्झौता मुताविकको भन्दा अन्यत्र सारिने छैन तथापि काबु बाहिरको अवस्थामा स्थानान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्विकृती अनिवार्य रुपमा लिनु पर्नेछ ।

६. दोश्रो पक्षले कारणबस प्रस्तावित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलव्ध गराएको अनुदान रकमबाट खरिद गरिएको उपकरण फिर्ता लिन सक्नेछ ।

७. प्रस्तावित कार्यक्रम सन्चालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित बोर्ड राख्ने कार्य दोश्रो पक्षले अनिवार्य गर्नेछ ।

८. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) प्रगति विवरण लगायत अन्य तथ्यांकहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५

९. सम्झौता मुताविकको कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा संझौता भंग गरी दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बांकी सरह असुल उपर गर्न सक्नेछ ।

१०. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यकमको निरीक्षण/अनुगमन, तालिम भ्रमणमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित नियम कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

नोटः सम्झौताका बुंदाहरु आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्न सकिनेछ ।

| | | |
|---|---|---|
| दोस्रो पक्षको तर्फवाट | | प्रथम पक्षको तर्फवाट |
| हस्ताक्षर | हस्ताक्षर | |
| नामः | नामः | |
| ठेगाना | पदः | |
| कार्यालयको छापः | | कार्यालयको छापः |
| साक्षिः | साक्षिः | |
| हस्ताक्षरः | | हस्ताक्षरः |
| नामः | नामः | |
| ठेगाना | पदः | |

इति सम्वत ...................साल .................... महिना .........गते रोज .......... शुभम् ।

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५

**अनुसूची - ५ (क)**

**पशु उत्पादन (व्यावसायिक गाई भैंसी पालन) कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु**

| क्र. सं. | द.नं | आवेदकको नाम | ठेगाना | प्रस्तावितकार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (१०) | अनुभव/ तालिम (१०) | पालिरहेको गाई भैंसीका संख्या (२०) | घाँस विकास गरेको वा विकास गरिने जग्गाको क्षेत्रफल (१५) | बैदेशिक रोजगारबाट फर्केको (१०) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१० ) | कुल प्राप्तांक (१०० ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मूल्याङ्कन समितिका पदाधिकारीहरुको :

नाम थर : नाम थर :
पद : पद :
दस्तखत : दस्तखत :
मिति : मिति :

नाम थर : नाम थर :
पद : पद :
दस्तखत : दस्तखत :
मिति : मिति :

**अनुसूची - ५ (ख)**

**बाखापालन व्यवसायको प्रस्ताव छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु**

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७५

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | कार्य योजना (१५) | व्यवसायको सम्भाव्यता/उपयुक्तता (१५) | शैक्षिक योग्यता (१०) | बैदेशिक रोजगारबाट फर्केको (१०) | बाखापालन/ घाँस खेतीमा तालिम प्राप्त (१५) | पालिरहेको बाखाको संख्या (१५) | घाँस खेती गरेको जग्गा र चरनको क्षेत्रफल (२०) | कुल प्राप्तांक (१०० ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मुल्यांकन समितिका पदाधिकारीहरुको :

| | | |
|---|---|---|
| नाम, थर | नाम, थर | नाम, थर |
| पद | पद | पद |
| दस्तखत | दस्तखत | दस्तखत |
| मिति | मिति | मिति |



ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५

## अनुसूची - ५ (ग)

### व्यावसायिक बंगुर प्रवर्द्धन कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (२५) | अनुभव/ तालिम (२०) | पालिरहेको वा व्यवसाय शुरु गर्ने बंगुरको संख्या * (२०) | बैदेशिक रोजगारबाट फर्केका (१० ) | कुल प्राप्तांक (१०० ) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

छ नौट समितिका पदाधिकारीहरुको :

नाम थर :
पद :
दस्तखत :
मिति :

नाम थर :
पद :
दस्तखत :
मिति :

नाम थर : पद : दस्तखत :
मिति :

*१. खोरको अवस्था – ५ अंक,
२. दाना पानीको व्यबस्थापन – ५ अंक,
३. जैविक सुरक्षाको अवस्था – ५ अंक र
४.बंगुरको जात र संख्या – ५ अंक

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५

## अनुसूची - ५ (घ )

### पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| मूल्यांकनका आधारहरु /अंक | २५ | २० | १५ | १० | कैफियत |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | स्नातकोत्तर वा सो भन्दा बढी | स्नातक | प्रमाणपत्र तह | एस एल सी | बिदेशबाट फर्केका युवाहरुको हकमा शैक्षिक योग्यताको र विदेश नगएका शिक्षित युवाहरुको हकमा बिदेश बसेको अवधिको नम्बर गणना गरिने छैन । |
| प्रस्ताव संग मेल खाने सम्बन्धि विषयको तालिम | ६ महिना भन्दा बढीको | ३ देखि ६ महिना सम्मको | २ देखि ३ महिना सम्मको | २ महिना भन्दा कम | |
| बिदेश बसेको अवधी | ४ बर्ष वा सो भन्दा बढी | ३ देखि ४ बर्ष सम्म | २ देखि ३ बर्ष सम्म | १ देखि २ बर्ष सम्म | |
| प्रत्यक्ष लाभान्वित हुने संख्या | ३०० परिवार भन्दा बढी | २०० देखि ३०० परिवार सम्म | १०० देखि २०० सम्म | १०० सम्म | |

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५

अनुसूची - ६

**पशु उत्पादन (गाई भैंसी पालन)/बंगुर प्रवर्द्धन/बाखा प्रवर्द्धन/पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमका प्रगति विवरण पठाउने फारामको ढाँचा**

१. उद्यमी कृषकको

नाम :

ठेगानाः

२. सञ्चालित व्यवसायको

नाम :

ठेगानाः

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधि : चौमासिक/वार्षिक

| क्र.सं. | कार्य विवरण | लक्ष्य | प्रगति | आई परेका बाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानिय बजारको बिक्रि मूल्य :

१. ............. २. ............ ३. ............

युवा उद्यमीको नाम : दस्तखत : मिति :

ठेगाना :

आज्ञाले,

लोक बहादुर सुनार

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७५